# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्षः–४१ २०६५ असोज अङ्क :–३


## स्वायत्तताले क्याम्पसलाई प्रतिस्पर्धी बनाउँछः *उपकुलपति*

काठमाडौं । त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघले त्रि.वि.का क्याम्पस/अध्ययन संस्थानको स्वायत्तता विषयमा आयोजित अन्तरक्रिया कार्यक्रम भदौ ३१ गते सम्पन्न भएको छ ।

कार्यक्रममा त्रि.वि. का पदाधिकारीहरू र काठमाडौं उपत्यकास्थित त्रि.वि.का आंगिक क्याम्पसका प्रमुखहरू र प्राध्यापक संघ क्याम्पस एकाइ सभापतिहरूको सहभागिता रहेको थियो ।

त्यस अवसरमा त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले अन्तर्राष्ट्रिय तवरमै शैक्षिक संस्थाहरू स्वायत्तरूपमा संचालन गर्ने प्रचलन रहेको जानकारी गराउँदै त्रि.वि.ले पनि आफ्ना क्याम्पसहरूलाई स्वायत्तता दिन कदम चालिसकेको बताउनुभयो ।




**त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा त्रि.वि. प्राध्यापक संघद्वारा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।**

स्वायत्तताले क्याम्पस तथा अध्ययन संस्थानलाई प्रतिस्पर्धी बनाउने भएकाले शैक्षिक गुणस्तर बढाउनमा यसले धेरै मदत मिल्ने बताउँदै उपकुलपति प्रा.डा. शर्माले स्वायत्तताले पाठ्यक्रम, परीक्षा प्रणाली आदि सबै कुरामा सुधार आउने भएकाले क्याम्पसको गुणस्तरको आधारमा क्याम्पस छनोट गर्ने अवसर विद्यार्थीलाई प्राप्त हुने धारणा राख्नुभयो ।

*(बांकी ५ पृष्ठमा)*

## मंगलमय शुभकामना

शुभ दीपावली तथा छठ पर्व २०६५ को सुखद् उपलक्ष्यमा समस्त नेपालीहरूको सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि मंगलमय शुभकामना अर्पण गर्दछौं ।

**त्रिभुवन विश्वविद्यालय परिवार**

## पाटन क्याम्पसको वार्षिकोत्सव मनाइयो

ललितपुर । पाटन संयुक्त क्याम्पसको ५५औं वार्षिकोत्सव समारोह त्रि.वि.का उपकुलपति प्रा.डा.माधवप्रसाद शर्मा र शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यको आतिथ्यमा गत भदौ १७ गते सम्पन्न भएको छ ।

क्याम्पस प्रमुख कृष्णवदन नकर्मीको सभापतित्वमा भएको सो समारोहमा विज्ञानतर्फ उत्कृष्ट स्थान हासिल गर्ने एक छात्रालाई प्रोत्साहनस्वरुप एक हजार रुपियाँको पुरस्कार प्रदान गरिएको थियो । सो पुरस्कार पूर्व प्राध्यापक राममान महतोले स्थापना गर्नुभएको थियो।

सोही समारोहमा क्याम्पसका सहायक क्याम्पस प्रमुख पोषरमण चापागाईंले नेपाली विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहमा उत्कृष्ट अंक प्राप्त गर्ने छात्र तथा छात्रा एक एकजनालाई हरेक वर्ष प्रदान गर्ने गरी स्व. हरिप्रसाद चापागाई र स्व. हरिप्रिया चापागाईंको सम्झनामा छुट्टाछुट्टै पुरस्कार स्थापनाको घोषणा गर्नुभएको थियो ।

अर्को वर्षको क्याम्पस वार्षिकोत्सवको दिनदेखि प्रदान गरिने सो पुरस्कार जनही एक हजार रुपियाँको रहेको छ ।

# पृथ्वीनारायण क्याम्पस ४९ औं वर्षमा प्रवेश

पोखरा । पृथ्वीनारायण क्याम्पस ४८ वर्ष पूरा गरी ४९ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा क्याम्पसमा भदौ १७ गते एक समारोह आयोजना गरी वार्षिक दिवस मनाएको छ ।




**पृथ्वीनारायण क्याम्पसको वार्षिक दिवसको उपलक्ष्यमा आयोजित समारोहमा सहभागीहरु ।** ***(तस्वीर: पृथ्वीनारायण क्याम्पस)***

त्यस अवसरमा क्याम्पसको विकासमा उल्लेख्य योगदान गरेका ११ जना र क्याम्पसमा २५ वर्षदेखि अटुट सेवा गरेका ९ जना शिक्षक तथा कर्मचारीलाई सम्मान गरिएको थियो ।

समारोहमा बोल्दै क्याम्पस प्रमुख डा. पशुपतिनाथ तिमिल्सेनाले त्रि.वि.का क्याम्पसहरूमध्ये सबैभन्दा ठूलो यस क्याम्पस छुट्टै सरकारी विश्वविद्यालयका रूपमा संचालन हुन तयार रहेको बताउनुभयो ।

क्याम्पसका संस्थापक सदस्य रमेशकान्त सिग्देलको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा संस्थापक क्याम्पस प्रमुख जोर्ज जोनलगायतले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा सहायक क्याम्पस प्रमुख तीर्थराज अर्यालले स्वागत मन्तव्य राख्नुभएको थियो भने अर्का सहायक क्याम्पस प्रमुख डा. देवेन्द्रबहादुर लामिछानेले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# शिक्षक अभिमुखीकरण तालिम सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालय कम्प्युटर विज्ञान तथा सूचना प्रविधि केन्द्रीय विभागद्वारा आयोजित 'शिक्षक अभिमुखीकरण तथा शिक्षण सामग्री तयारी' विषयक तालिम कार्यक्रम असोज ३ गते सम्पन्न भएको छ ।

कम्प्युटर विज्ञान तथा सूचना प्रविधिसम्बन्धी ४ वर्षे स्नातक तहको कार्यक्रमसँग सम्बद्ध त्रि.वि. तथा त्रि.वि.का सम्बन्धन प्राप्त विभिन्न क्याम्पसका शिक्षकहरूका लागि सो तालिम आयोजना गरिएको थियो ।

समापन कार्यक्रमलाई सम्बोधन गर्दै विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन प्रा.डा. विणारञ्जन घिमिरे बरालले स्नातक तहमा कम्प्युटर विज्ञानको विषय त्रि.वि.मा नयाँ भएकाले यस्तो विषयमा यस किसिमको छलफल आवश्यक रहेको बताउनुभयो ।

विभागीय प्रमुख डा. टंकनाथ धमलाले विदेशमा मान्यता पाउने र देशभित्र काम पाउने ढंगले कम्प्युटर विज्ञानको कोर्स तयार पारिएको बताउनुभयो ।

कार्यक्रममा विभागका पूर्वप्रमुख प्रा.डा.देवीदत्त पौडेलले ४ वर्षे यस विषयको कोर्समा प्राणीशास्त्र, भौतिकशास्त्र, गणित आदि महत्वपूर्ण विषय पनि समावेश भएकाले उत्पादित जनशक्तिले विज्ञानका जुनसुकै क्षेत्रमा पनि काम गर्नसक्ने आशा व्यक्त गर्नुभयो ।

# राजीनामा स्वीकृत

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदमा रही सेवा गर्दै आउनुभएका निम्न महानुभावहरूको राजीनामा स्वीकृत गरेको छ :

| राजीनामा दिनेको नाम | पद | सेवारत निकाय | राजीनामा लागु मिति |
|---|---|---|---|
| डा. केदारप्रसाद शर्मा | कार्यकारी निर्देशक | पाठ्यक्रम विकास केन्द्र,कीर्तिपुर | २०६५।५।२२ |
| डा.श्रीराम भगत माथे | प्राध्यापक | पुल्चोक क्याम्पस,पुल्चोक | २०५७।८।२८ |
| प्रा.डा.गोविन्दप्रसाद शर्मा | प्राध्यापक | महाराजगञ्ज क्याम्पस,महाराजगञ्ज | २०६५।४।१३ |
| श्री भिक्टर प्रधान | सह प्राध्यापक | नेपाली केन्द्रीय विभाग,कीर्तिपुर | २०६५।४।६ |
| डा. हुमनाथ भण्डारी | उप प्राध्यापक | रामपुर क्याम्पस,रामपुर | २०५९।३।९ |
| श्री कायेश्वरमान सुलप्या | उप प्राध्यापक | व्यावहारिक विज्ञान तथा प्र.अ.केन्द्र,कीर्तिपुर | २०६४।१।१९ |
| श्री अतिज मोहन दास | उप प्राध्यापक | ठाकुरराम बहुमुखी क्याम्पस,बीरगञ्ज | २०६४।८।१९ |
| श्री अनुज पराजुली | उप प्राध्यापक | पूर्वाञ्चल क्याम्पस,धरान | २०६५।५।२५ |

# चिकित्साशास्त्रका शिक्षक, कर्मचारीको सम्मान

काठमाडौं। त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थानले सो संस्थानअन्तर्गतका विभिन्न संस्थानका विभिन्न निकायमा कार्य गरी उमेरको हदले सेवाबाट अनिवार्य अवकाश बमोजिम त्रि.वि.बाट स्वायत्तता दिनु उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो ।



**चिकित्साशास्त्र अध्ययन संस्थानद्वारा आयोजित वार्षिक सम्मान कार्यक्रममा संस्थानका शिक्षक कर्मचारीलाई दोसल्ला ओढाइ सम्मान गर्नुहुँदै विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष डा. कमलकृष्ण जोशी ।** *( तस्वीरः त्रि.वि. सूचना शाखा)*

निकायमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई असोज १० गते एक समारोहबीच सम्मान गरेको छ ।

३७औं वार्षिक सम्मान कार्यक्रमअन्तर्गत अध्ययन संस्थानले डीनको कार्यालय, शिक्षण अस्पताल, बीपी कोइराला लायन्स नेत्र अध्ययन केन्द्रका साथै अध्ययन संस्थानका विभिन्न ७ वटा क्याम्पसमा कार्यरत ३४ जना शिक्षक तथा कर्मचारीहरूलाई पुरस्कृत गरेको छ ।

उहाँहरूलाई विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष डा. कमलकृष्ण जोशीले दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो भने अध्ययन संस्थानका डीन प्रा.डा. अरुण सायमीले प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

सोही समारोहमा अध्ययन संस्थानका विभिन्न निकायमा कार्य गरी उमेरको हदले सेवाबाट अनिवार्य अवकाश पाएका ७ जना शिक्षक, कर्मचारीलाई पनि कदरपत्र प्रदान गरिएको थियो ।

समारोहलाई सम्बोधन गर्दै त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले त्रि.वि.को विकेन्द्रीकरण ऐनबमोजिम विकेन्द्रीतरूपमा संचालन भइरहेको यस अध्ययन संस्थानले प्रदान गरिरहेको चिकित्सा सेवा र यससम्बन्धी उत्पादित जनशक्तिको गुणस्तर प्रशंसनीय रहेको बताउनुभयो ।

समारोहमा प्रमुख अतिथिको आसनबाट विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष डा. जोशीले नेपालमा गुणस्तरीय शिक्षा दिने संस्थाको रूपमा यस अध्ययन संस्थानको परिचय देश र विदेशमा समेत स्थापना भइसकेको बताउँदै यस संस्थानलाई उसको चाहना बमोजिम त्रि.वि.बाट स्वायत्तता दिनु उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो ।

सभापतिको आसनबाट डीन प्रा.डा. सायमीले अध्ययन संस्थानमा हाल सेवारत उच्च स्तरीय जनशक्ति उमेरको हिसावले वरिष्ठ हुँदै गएकाले उहाँहरू सेवा निवृत्त हुने अवस्थासम्ममा नयाँ पिढीलाई उत्तरदायित्व वहन गर्नसक्ने ढंगले तयार पार्ने काम भइरहेको जानकारी दिनुभयो ।

समारोहमा अध्ययन संस्थानको योजना तर्फका सहायक डीन डा. रतिन्द्रनाथ श्रेष्ठले संस्थानको कार्य विवरण प्रस्तुत गर्नुभएको थियो भने प्रशासनतर्फका सहायक डीन श्रीमती कान्तिलता भण्डारीले स्वागत मन्तव्य दिनुभएको थियो । सम्मानित तथा पुरस्कृत महानुभावहरूका तर्फबाट डा. इन्दिरा सिंहले आफ्नो मन्तव्य राख्नुभएको थियो ।

# पद्म कन्या क्याम्पसको वार्षिकोत्सव सम्पन्न

काठमाडौं। त्रि.वि. पद्म कन्या क्याम्पसको ५८औं वार्षिकोत्सव असोज १ गते एक समारोह आयोजना गरी मनाइएको छ।



**त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा (बीचमा) पद्म कन्या क्याम्पसको वार्षिक दिवस समारोहपछि सामूहिक तस्वीर खिचाउनुहुँदै।** *(तस्वीर : त्रि.वि. सूचना शाखा)*

त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माको प्रमुख आतिथ्य तथा पद्म कन्या क्याम्पसका प्रमुख इरेन श्रेष्ठको सभापतित्वमा सम्पन्न सो समारोहमा क्याम्पसका १४ जना शिक्षक तथा ५ जना कर्मचारीलाई उत्कृष्ट सेवा सम्मान र २५ वर्ष सेवा पूरा गरेका शिक्षक तथा कर्मचारीलाई दीर्घ सेवा सम्मान प्रदान गरिएको थियो।

कार्यक्रममा उक्त क्याम्पसबाट विभिन्न तहको परीक्षामा उत्कृष्ट अंक ल्याई उत्तीर्ण भएका विद्यार्थीहरूलाई पद्म कन्या पदक, उत्कृष्ट पदक, शेषराज शर्मा पुरस्कार, संस्कृति सम्मान पुरस्कार, पूर्णचन्द्र रेग्मी पुरस्कार, नृत्य संगीत पुरस्कार, भीमचित्र पुरस्कार, गोपाल योञ्जन पुरस्कार, प्रेमचन्द्र देव कुमारी पुरस्कार प्रदान गरिएको थियो।

यसैगरी क्याम्पसको वार्षिक दिवसको उपलक्ष्यमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजयी शिक्षक तथा कर्मचारीहरूलाई पनि सोही समारोहमा पुरस्कृत गरिएको थियो।

समारोहमा त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा, क्याम्पस प्रमुख इरेन श्रेष्ठ, सहायक क्याम्पस प्रमुख शेरजंग खड्का, त्रि.वि. प्राध्यापक संघका सभापति शिवप्रसाद मुनकर्मी, नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्याय, त्रि.वि. कर्मचारी संघका महासचिव भोजकुमार बस्नेत, कर्मचारी संघ क्याम्पस एकाइका सभापति प्रमोद स्थापित र क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनका सभापति टीका चौधरीले मन्तव्य राख्नुभएको थियो। समारोहमा स्वागत मन्तव्य सहायक क्याम्पस प्रमुख नीना मल्ल ख्वाउजुले र अर्का सहायक क्याम्पस प्रमुख सूर्यप्रसाद पौडेलले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

# सहायक क्याम्पस प्रमुखहरूको नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसका सहायक क्याम्पस प्रमुख पदमा निम्नअनुसार नियुक्त गरेको छ :

| नियुक्त हुनेको नाम | क्याम्पस | नियुक्ति लागु मिति |
|---|---|---|
| डा. नारायण हरि घिमिरे | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | २०६५।५।२२ |
| श्री मीना गुरूङ्ग | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | २०६५।५।२२ |
| श्री दीननाथ शर्मा | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | २०६५।५।२५ |
| श्री एमप्रसाद शर्मा | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | २०६५।६।१ |
| श्री रामकृष्ण श्रेष्ठ | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | २०६५।६।७ |

# विज्ञान विद्यापरिषद्को बैठक सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले विज्ञान तथा प्रविधि अध्ययन संस्थानको विद्यापरिषद्को १७ औं पूर्ण बैठकको असोज २ गते उद्घाटन गर्नुभएको छ ।




**त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य विज्ञान तथा प्रविधि अध्ययन संस्थानको विद्यापरिषद् बैठकलाई सम्बोधन गर्नुहुँदै ।** *(तस्वीर : त्रि.वि. सूचना शाखा)*

सो उद्घाटन समारोहलाई सम्बोधन गर्दै शिक्षाध्यक्ष प्रा.डा. अमात्यले विज्ञानको स्नातक र स्नातकोत्तर तहको परिमार्जित पाठयक्रमअनुसारको पढाइ आगामी शैक्षिक सत्रदेखि नै शुरू गर्ने सोचाइ त्रि.वि.को रहेको बताउनुभयो ।

कार्यक्रममा रजिस्ट्रार डा. भीमराज अधिकारीले अनुसन्धान कार्यका लागि सरकारले खासै बजेट व्यवस्था नगरेको भए तापनि जति बजेट छ त्यसको समुचित प्रयोग गर्नेतर्फ हामीहरू सचेत हुनुपर्छ भन्नुभयो ।

डीन प्रा.डा. विणारञ्जन घिमिरे बरालको सभापतित्वमा भएको सो उद्घाटन कार्यक्रमको प्रारम्भमा सहायक डीन डा. नन्दबहादुर महर्जनले स्वागत मन्तव्य र कार्यक्रमको अन्त्यमा अर्का सहायक डीन डा. मदन कोइरालाले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

---

**स्वायत्तताले क्याम्पसलाई.......**

त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले देशको राजनीतिमा आएको परिवर्तनसँगै शिक्षामा पनि परिवर्तन हुन्छ र यसका लागि हामी तयार हुनुपर्छ भन्दै सबै तयारी भएपछि क्याम्पस र अध्ययन संस्थानहरूलाई स्वायत्तता दिइनु पर्छ भन्नुभयो ।

त्रि.वि.का रजिस्ट्रार डा. भीमराज अधिकारीले अध्ययन संस्थान र क्याम्पसलाई स्वायत्तता दिने निर्णय त्रि.वि. सभाले नै गरिसकेकाले स्वायत्ततामा जाने नजाने भन्नेबारे विवाद आवश्यक नभएको बताउँदै परिवर्तित समयमा परिवर्तनलाई आत्मसात् गरी जानु पर्छ भन्नुभयो ।

कार्यक्रममा क्याम्पस प्रमुखहरू सरस्वती क्याम्पसका डा. हेमराज सुवेदी, रत्नराज्यलक्ष्मी क्याम्पसका गोपालचन्द्र पोखरेल, त्रिचन्द्र क्याम्पसका प्रा.डा.हरिप्रसाद पराजुली, पाटन संयुक्त क्याम्पसका कृष्णवदन नकर्मी, क्याम्पस प्राध्यापक संघका एकाइ सभापतिहरूमा महेन्द्ररत्न क्याम्पसका उपेन्द्रकुमार कार्की, रत्नराज्य लक्ष्मी क्याम्पसका बद्रीविशाल भट्टराई, त्रिचन्द्र क्याम्पसका डा. हरिप्रसाद थपलिया, नेपाल कमर्स क्याम्पसका देवेन्द्र देवकोटा, नेपाल ल क्याम्पसका डा. शम्भु खनाल, सानोठिमी क्याम्पसका जेविन अधिकारी, सेरिडका नरेन्द्र फुयाल, सरस्वती क्याम्पसका लेखनाथ गुरागाईलगायतका वक्ताले क्याम्पस स्वायत्ततामा जाँदा विद्यार्थीहरूलाई आर्थिक भार बढ्ने उल्लेख गर्नुका साथै शिक्षक एवं कर्मचारीको सेवा सुरक्षामा भरपर्दो व्यवस्थापनको आधार नदेखिएको तर्क अघि सार्नु भएको थियो ।

त्रि.वि. प्राध्यापक संघका सभापति शिवप्रसाद मुनकर्मीको सभापतित्वमा भएको सो कार्यक्रममा प्राध्यापकद्वय गुणनिधि न्यौपाने र थम्मलाल शर्माले 'त्रि.वि. स्वायत्तता प्राप्त अध्ययन संस्थान वा क्याम्पस सम्बन्धी नियम, २०६२ र सोमा केही आवश्यक संशोधन, सुधारका लागि सुझावहरू' विषयक कार्यपत्र प्रस्तुत गर्दै नियममा विद्यमान कमी कमजोरी औंल्याउनुभएको थियो ।

कार्यक्रमको प्रारम्भमा संघका केन्द्रीय सदस्य महेश्वर उपाध्यायले स्वागत मन्तव्य राख्नुभएको थियो ।

## अनुरोध

मासिक प्रकाशन ***त्रिभुवन विश्वविद्यालय बुलेटिन***मा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा त्रिविका अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

**त्रि.वि. सूचना शाखा**

# बडा दशैंको उपलक्ष्यमा शुभकामना आदान प्रदान

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले बडा दशैं २०६५ को उपलक्ष्यमा असोज १३ गते कीर्तिपुरस्थित स्मृति भवनमा शुभकामना आदान प्रदान तथा जलपान कार्यक्रम आयोजना गर्नुभएको छ ।



त्रि.वि. सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्की बडा दशैं २०६५ को उपलक्ष्यमा त्रि.वि.द्वारा कीर्तिपुरस्थित स्मृति भवनमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै । *(तस्वीर : त्रि.वि. सूचना शाखा)*

शिक्षाध्यक्ष प्रा. डा. सूर्यलाल अमात्यको सभापतित्वमा भएको सो कार्यक्रममा त्रि.वि. सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्की, रजिस्ट्रार डा. भीमराज अधिकारी, डीनहरूका तर्फबाट इन्जिनीयरिङ अध्ययन संस्थानका डीन बाबुराम भट्टराई, क्याम्पस प्रमुखहरूका तर्फबाट रत्नराज्यलक्ष्मी क्याम्पसका प्रमुख गोपालचन्द्र पोखरेल, त्रि.वि. प्राध्यापक संघका सभापति शिवप्रसाद मुनकर्मी, नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्याय, त्रि.वि. कर्मचारी संघका अध्यक्ष शम्भुप्रसाद भट्टराई, कर्मचारी संघ केन्द्रीय कार्यालय एकाइका सभापति अरुण बल्लभलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो ।

कार्यक्रममा त्रि.वि. का विभिन्न शैक्षिक तथा प्रशासनिक निकायका प्रमुखहरू, शिक्षक, कर्मचारी तथा विद्यार्थीको उपस्थिति रहेको थियो

यसैगरी त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघले विजयादशमी तथा शुभ दीपावलीको उपलक्ष्यमा असोज १० गते शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

त्रि.वि.का रजिस्ट्रार डा. भीमराज अधिकारीको विशेष आतिथ्यमा भएको सो कार्यक्रममा त्रि.वि. प्राध्यापक संघका सदस्य महेश्वरप्रसाद उपाध्याय, जनप्रशासन क्याम्पसका प्रमुख श्रीमती यशोदा आचार्य, नेपाल प्राध्यापक संघका पूर्वसभापति कपिल श्रेष्ठलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रम त्रि.वि. प्राध्यापक संघका सभापति शिवप्रसाद मुनकर्मीको सभापतित्वमा भएको थियो ।

# सेवाबाट हटाउने निर्णय

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को विभिन्न मितिमा बसेको बैठकले त्रि.वि. शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५० बमोजिम विनासूचना लामो समयसम्म कार्यालयमा अनुपस्थित रहेका निम्न शिक्षक/कर्मचारीलाई अनुपस्थित रहेको मितिदेखि नै लागू हुने गरी सेवाबाट हटाउने निर्णय गरेको छः

| शिक्षक/कर्मचारीको नाम | सेवामा छंदाको निकाय | पद | अनुपस्थित मिति |
|---|---|---|---|
| श्री नविन रेग्मी | शिक्षण अस्पताल, महाराजगंज | फार्मेसि असिष्टेण्ट | २०६२।१।१ |
| श्री सुजना बासुकला | शिक्षण अस्पताल,महाराजगंज | स्टाफ नर्स | २०६२।७।१ |
| श्रीमती भीमकला ज्ञवाली | वी.पी.को.लायन्स नेत्र अ.केन्द्र,महाराजगंज | स्टाफ नर्स | २०६२।११।५ |
| श्रीमती शारदा शर्मा | शिक्षण अस्पताल,महाराजगंज | स्टाफ नर्स | २०६३।३।१ |

**प्रकाशक** : सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६
E-mail : tuinformation@yahoo.com
Website : www.tribhuvan-university.edu.np
**सम्पादक** : प्रेमकृष्ण चित्रकार
**सहायक सम्पादक** : राजेश वज्राचार्य
**कम्प्युटर सेटिंग** : पद्मरत्न चित्रकार
**मुद्रक** : त्रि.वि. छापाखाना, कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१